थापाथली, काठमाडौं
फोन नं. : ४१०१७३४
फ्याक्स : ९७७ १ ४२४२१२७
E-mail : nrbcmd@nrb.org.np
Website : www.nrb.org.np
पोष्ट बक्स : ३५९

# नेपाल राष्ट्र बैंक
## मुद्रा व्यवस्थापन विभाग

पत्र संख्या. : मु. आ.प्र.(सफानोट नीति)७। ।०७० ।७१

मिति :– २०७१।०२।२३

इजाजत पत्र प्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्था ।

विषय: सफा नोट नीति कार्यान्वयन सम्वन्धमा ।

महाशय,

यस बैंकको मिति २०६७।०४।३१ र मिति २०६७।०७।०४ को पत्र प्राप्त गर्नु भै व्यहोरा अवगत गर्नु भएकै होला ।

उपर्युक्त विषयमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट भुक्तानी गरिएका नोटको प्याकेटमा एक वटा भन्दा बढी लेवल तथा स्टिच लगाउने गरेको, झुत्रो तथा च्यातिएको नोटहरु समेत भुक्तानी दिने गरेको भन्ने जनगुनासाहरु आउने गरेको तथा नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाबाट यस सन्दर्भमा आवश्यक कारवाहीको लागि अनुरोध भै आएकोले यस बैंकले लिएको सफा नोट नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्वन्धमा देहाय बमोजिम गर्नु/गराउनु हुन यो परिपत्र जारी गरिएको छ ।

(१) बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो संस्थामा प्राप्त हुने नोटहरुलाई चलनचल्तीमा पठाउन योग्य र चलनचल्तीमा पठाउन अयोग्य नोट छुट्याउनु पर्ने । चलनचल्तीमा पठाउन योग्य नोटको प्याकेटमा अनिवार्य रुपमा बैंकको नाम, नोट गन्ती गर्ने कर्मचारीको नाम, सही र छाप सहित सेतो रङको स्लिप मात्र प्रयोग गर्नुपर्ने । चलनचल्तीमा पठाउन अयोग्य नोटको प्याकेटमा बैंकको नाम, नोट गन्ती गर्ने कर्मचारीको नाम, सही र छाप सहित रातो रङको स्लिप मात्र प्रयोग गर्नुपर्ने ।

(२) यसरी सर्टिङ गरिएको नोटको प्याकेटमा सम्भव भएसम्म स्टिचको प्रयोग नगरी रबर बैंण्ड वा प्लाष्टिक बैंण्ड प्रयोग गर्नुपर्ने । स्टिच लगाउनु पर्ने अवस्था आएमा एक वटा भन्दा बढी स्टिच प्रयोग नगर्ने ।

(३) सर्वसाधारणलाई भुक्तानी गर्दा चलनचल्तीमा पठाउन योग्य नोट मात्र भुक्तानी गर्नुपर्ने । चलनचल्तीमा पठाउन अयोग्य नोट सर्वसाधारणलाई भुक्तानी दिन प्रयोग नगर्ने । त्यस्ता नोट नेपाल राष्ट्र बैंकमा नै बुझाउने आवश्यक व्यवस्था बैंक आफैले मिलाउनु पर्ने ।

(४) सफा नोट नीति कार्यान्वयन भए/नभएको सम्वन्धमा नेपाल राष्ट्र बैंकबाट निरीक्षण गर्ने ।

भवदीय,

(बसन्त बहादुर शाक्य)
का.मु. कार्यकारी निर्देशक

वोधार्थ तथा कार्यार्थ:

१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा,सिंहदरवार,
काठमाडौं : तहांको प.सं.२०७०/७१ जनगुनासो च.नं. २८९ मिति २०७०।६।१६ को पत्रको सन्दर्भमा ।
८) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाडौं ।
९) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाडौं ।
१०) श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाडौं ।
११) श्री लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।